# कनकासुन्दरी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## कृषि विकाश शाखा

प.सं. २०८२/०८३ बिराट जुम्ला
च.नं. ९१ कर्णाली प्रदेश नेपाल

ईमेल ठेगाना :ito.kankasundarimun@gmail.com , kanakamunag@gmail.com


**विषय: कृषि कार्यक्रम संचालन सम्वन्धमा |**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/ ०७ /१३ गते**

प्रस्तुत विषयमा यस कनकासुन्दरी गाउँपालिका कृषि विकास शाखाको चालु आ.व.२०८२/०८३ को शसर्त तथा पालिकाको वजेट तर्फ वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कृषि कार्यक्रमहरु अनुदानमा संचालनको लागि इच्छुक कृषि समुह, कृषि सहकारी , व्यक्तिगत फर्म ले यो सुचना प्रकाशित भएको मितिले ३५ दिन अर्थात मिति २०८२/०८/१८ गते भित्र तपशिलका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयको कृषि विकास शाखामा प्रस्तावना पेश गर्न हुन सम्वन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै कार्यविधि २०७८ अनुसार कार्यक्रम संचालन गरिने छ ।थप जानकारीका लागि पालिकाको वेवसाइट www.kankasundarimun.gov.np पनि हेर्न सकिने छ ।

तपशिल

| क्र.स. | कार्यक्रमहरु | संख्या | कैफियत |
|---|---|---|---|
| १. | रैथाने वाली प्रवद्धन कार्यक्रम ( ससर्त वजेट ५०%अनुदान ) | ५ | कार्यविधि २०८२ अनुसार संचालन हुनेछ | |
| २. | नंया स्याउ /ओखर पकेट विकास कार्यक्रम संचालन ( ससर्त वजेट ५०%अनुदान ) | २ | कम्ति मा ५ हेक्टर जग्गाको क्षेत्रफल हुनुपर्ने छ |
| ३. | कृषि चुना र निलोतुथो वितरण कार्यक्रम (पालिकाको बजेट तर्फ ८५%अनुदान ) | वजेटको सिमा अनुसार | |
| ४. | प्लास्टिक पाल वितरण कार्यक्रम (पालिकाको बजेट तर्फ ७५ %अनुदान ) | वजेटको सिमा अनुसार | वेमौसमी तरकारी खेतिको लागि |

आवश्यक कागजातहरु :

१. सम्वन्धित वडा कार्यालयको सिफारिस
२. कृषि समूह , कृषि सहकारी, व्यक्तिगत फर्म को दर्ता प्रमाणपत्र को प्रतिलिपि (समुहले नविकरण गरेको हुनुपर्ने छ । )
३. कृषि सहकारीको हकमा साधारण सभाको वैठक , कर चुक्ता , लेखा परिक्षण, प्यान नं को प्रतिलिपि, फर्म को हकमा कर चुक्ता, प्यान नं को प्रतिलिपि र समुहको हकमा निर्यण को प्रतिलिपि ।
४. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
५. खेति गरिने जग्गाको लालपुर्जाको प्रमाणपत्रको प्रतिलिपि (स्याउ /ओखर पकेटको हकमा मात्र) ।
६. कलस्टर मिलेको जग्गाको ट्रेस नक्शाको प्रमाण पत्र (स्याउ /ओखर पकेटको हकमा मात्र)
७. तोकिएको अनुसूची १ (व्यावसायिक प्रस्ताव ), अनुसूची २ निवेदन , अनुसूची ४ स्वघोषणा पत्र अनुसूची ५ प्रतिवद्धता पत्र (स्याउ /ओखर पकेटको हकमा मात्र)
८. निवेदनमा रु १० को टिकट र कागजात सहित फाइलिंक गरि पेश गर्नुपर्ने छ ।

.............................................

कृषि विकास शाखा प्रमुख

पवित्रा गौली
कृषि विकास अधिकृत